सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १८० ♦ २०८२ साल फागुन २२ शुक्रवार ♦ 6 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## धनुषामा ६३.५२ प्रतिशत मतदान



खबर दर्पण समाचारदाता

फागुन २१ गते, बर्दिवास

धनुषा जिल्लामा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा ६३.५२ प्रतिशत मतदान भएको छ। सार्वजनिक गरिएको अन्तिम विवरणअनुसार जिल्लाका ५ लाख १४ हजार ५७१ मतदातामध्ये ३ लाख २७ हजार १२६ मत खसेको हो।

जिल्लाका चार निर्वाचन क्षेत्रमा बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान भएको थियो। प्राप्त विवरणअनुसार जिल्लाभर मतदान कार्य समग्रमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले जानकारी दिनुभयो।

मतदानको लैङ्गिक विवरणअनुसार १ लाख ७५ हजार २६० महिला, १ लाख ५१ हजार ८६५ पुरुष र १ जना अन्य मतदाता ले मतदान गरेका छन्।

निर्वाचन क्षेत्रगत विवरणअनुसार निर्वाचन क्षेत्र नं. १ मा ६३.८१ प्रतिशत मतदान भएको छ। यस क्षेत्रमा रहेका १ लाख २६ हजार ४० मतदातामध्ये ८० हजार ४२१ मत खसेको छ। तीमध्ये ४४ हजार ६५६ महिला र ३५ हजार ७६५ पुरुष मतदाता रहेका छन्।

त्यसैगरी निर्वाचन क्षेत्र नं. २ मा ६२.५० प्रतिशत मतदान

बाँकी पृष्ठ ३ मा

## महोत्तरीमा ५९.८६ प्रतिशत मतदान



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

फागुन २१ गते, महोत्तरी

महोत्तरी जिल्लामा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा ५९.८६ प्रतिशत मतदान भएको छ। जिल्ला प्रशासन कार्यालय महोत्तरीले सार्वजनिक गरेको अन्तिम विवरणअनुसार जिल्लाका ४ लाख ३३ हजार २८२ मतदातामध्ये २ लाख ५८ हजार १५७ मत खसेको हो।

जिल्लाभर रहेका २५६ मतदान स्थल र ५३६ मतदान केन्द्र मा बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान सम्पन्न भएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादवले बताउनुभयो । उहाँले छिटपुट घटना बाहेक सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको र अहिले मतपेटिका ढुवानी गर्ने कार्य भइ रहेको जानकारी दिनुभयो ।

अन्तिम विवरणअनुसार खसेको मतमध्ये १ लाख ३५ हजार ८५० महिला, १ लाख २२ हजार ३०५ पुरुष र २ जना अन्य मतदाता रहेका छन्।

निर्वाचन क्षेत्रगत विवरणअनुसार निर्वाचन क्षेत्र नं १ मा ६६ हजार २६६ मत खसेको छ। तीमध्ये ३४ हजार ५१५ महिला, ३१ हजार ७५० पुरुष र १ जना अन्य मतदाता रहेका छन्। यस क्षेत्रमा ६२.७२ प्रतिशत मतदान भएको छ।

त्यसैगरी निर्वाचन क्षेत्र नं २ मा ६४ हजार ८४५ मत खसेको छ। तीमध्ये ३४ हजार ५७८ महिला र ३० हजार २६७ पुरुष मतदाता रहेका छन्। यस क्षेत्रमा ६०.२७ प्रतिशत मतदान भएको छ।

निर्वाचन क्षेत्र नं ३ मा ६१ हजार ७३७ मत खसेको छ। तीमध्ये ३३ हजार ३७ महिला, २८ हजार ६९९ पुरुष र १ जना अन्य मतदाता रहेका छन्। यस क्षेत्रमा ५५.९० प्रतिशत मतदान भएको विवरण प्राप्त भएको छ।

त्यसैगरी निर्वाचन क्षेत्र नं ४ मा ६५ हजार ३०९ मत खसेको छ। तीमध्ये ३३ हजार ७२० महिला र ३१ हजार ५८९ पुरुष मतदाता रहेका छन्। यस क्षेत्रमा ६०.६९ प्रतिशत मतदान भएको छ।

यसैबीच जिल्लामा सञ्चालन गरिएको तीन अस्थायी मतदान केन्द्र मा पनि मतदान भएको र ती केन्द्रमा १३८ मत खसेको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार मतदान सम्पन्न भएसँगै मतपेटिका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी गर्ने काम भइरहेको छ। मतपेटिका पुगेपछि सर्वदलीय सहमतिका आधारमा मतगणना सुरु गरिने जनाइएको छ।

## बर्दिवासको प्रेमनगर मतदान केन्द्रमा झडप : चार घाइते, एकको अवस्था गम्भीर

खबर दर्पण समाचारदाता

फागुन २१ गते, बर्दिवास

महोत्तरीको बर्दिवास नगर पालिका-७ स्थित राष्ट्रिय माध्यमिक विद्यालय प्रेमनगर मा रहेको मतदान केन्द्रमा मतदानका क्रममा झडप हुँदा चार जना घाइते भएका छन्। झडपमा परी सन्जित सिंहको टाउकोमा गम्भीर चोट लागेको छ र उनको अवस्था चिन्ताजनक भएकाले थप उपचारका लागि काठमाडौँ पठाइएको छ।

घटनामा सन्जित सिंह, रन्जित सिंह, विक्रम महतो, नागेन्द्र सिंह र भोरिल यादव घाइते भएका छन्। गम्भीर घाइते सन्जित सिंहलाई काठमाडौँ रिफर गरिएको छ भने अन्य घाइतेमध्ये केहीको स्थानीय सुभस्वतिक अस्पतालमा उपचार भइरहेको



जनाइएको छ।

घाइतेमध्ये अधिकांश नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का कार्यकर्ता रहेको बताइएको छ। घाइतेमध्येका भोरिल यादव भने नेपाली कांग्रेसबाट निर्वाचित वडा अध्यक्ष हुन्।

अशक्त तथा बिरामी आफन्तको प्रतिनिधि बनेर एकै व्यक्तिले पटक-पटक मतदान गरेको विषयलाई लिएर विवाद सुरु भएको थियो। उक्त विवादले उग्र रूप लिएपछि विभिन्न राजनीतिक दलका कार्यकर्ताबीच हातहालाहाल र झडप भएको स्थानीयले जनाएको छ।

दुई पक्षबीच विवाद बढेपछि सो मतदान केन्द्रमा बिहान १०:३० बजेदेखि मतदान प्रक्रिया अवरुद्ध

बाँकी पृष्ठ ३ मा

## औरही-७ का जितेन्द्र ठाकुरले किरियामा रहँदै मतदान गरे

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत महोत्तरी क्षेत्र नम्बर-२ मा औरही नगरपालिका-७ निवासी जितेन्द्र ठाकुरले मतदान गर्नुभएको छ ।

उहाँले औरही नगरपालिका-७ स्थित रहेको राम बिलाश चन्देश्वर यादव जनता माबि भोईल टिम्किया मतदान केन्द्रमा पुगेर मतदान गर्नुभएको हो । ठाकुर हाल किरियापुत्री अवस्थामा रहेर पनि मतदान प्रक्रियामा सहभागी हुनुभएको बताइएको छ । उहाँका बुवा रामललित ठाकुरको नौ दिनअघि निधन भएको थियो ।



पारिवारिक शोकका बाबजुद नागरिकको अधिकार प्रयोग गर्न मतदान केन्द्रमा पुगेको स्थानीयले बताएका छन् ।

# मतदानपछि जेन-जी युवा पुस्तामा छुट्टै उत्साह

**खबर दर्पण समाचारदाता**

**फागुन २१ गते, बर्दिवास**

मधेशसहित देशव्यापी रुपमा जेन- जी पुस्ताका युवाहरु प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलोपटक निर्वाचनमा सहभागी हुन पाउँदा हौंसिएका छन् । यसपटकको निर्वाचनमा अप्रत्याशित रुपमा परम्परागत दलको किल्ला भत्किन सक्ने अनुमान उनीहरुले गरेका छन्। विगतका निर्वाचित उम्मेदवारले कामभन्दा आफ्नो प्रंशसा खोज्ने र आसेपासे तथा नातागोतामै रमाउने, कमिसन खोज्नेजस्ता भ्रष्टाचार र कुशासनलाई प्रश्रय दिने कार्य गर्दा आफूहरुलाई निकै सास्ती भोग्नु परेकाले आफूहरुले परिवर्तनको पक्षमा मतदान गरेको युवा पुस्ताहरु बताउँछन् । जनकपुरधाम वडा नम्बर ४ कि चाँदनी साह प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्नकै लागि संघीय राजधानी काठमाण्डुबाट मधेश प्रदेशको राजधानी आएको औंधि खुसी हुँदै बताइन् ।

जनकपुरधाम- ४ स्थित भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रांगणमा मतदान गरिसकेपछि कुराकानी गर्दै चाँदनीले खुसी हुँदै भनिन्, 'परिवर्तनका निमित्त म काठमाण्डुबाट जनकपुरधाम आएको र मतको दान गरेपछि आफू निकै खुसी छु ।' मधेश प्रदेशबाट यसपटक परिवर्तन हुनेमा उनी विश्वस्त देखिन्थिन्। राम युवा कमिटीको प्रांगणमा मतदान गरिरहँदा एक युवकले आफूले पहिलोपटक मतदान गर्ने र यसपटक आफूलाई मन परेको उम्मेदवारलाई मतदान गर्ने बताए ।

जनकपुरधाम- ४ का श्याम साहले आफू नयाँ अनुहारलाई मतदान गरी धनुषाको परिवर्तनमा पक्षमा मतदान गर्ने बताए । उनी जस्तै कैयन युवाहरुले हाम्रो भन्दा पनि राम्रो उम्मेदवारलाई मतदान गर्ने बताउँछन् । जेन- जी आन्दोलनपछि भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई धेरैले निकै आशा र अपेक्षा राखेर निर्वाचनमा मतदान गरेको देखिन्छ। त्यसैले पनि यसपटकको निर्वाचन अन्य वर्षको तुलनामा विशेष निर्वाचनको रुपमा देखिएको छ ।



तर गएको भदौमा भएको 'जेन जी आन्दोलन' पछि जनकपुरधाम- २ की प्रियाशा चौधरीले पहिलोटपक बिहीबार आफ्नो टोलमा रहेको मतदान केन्द्रमा पुगेर भोट खसालिन् । उनले भने, 'जेन जी आन्दोलनकै कारण उत्प्रेरित भएर भोट हाल्न पाउँदा निकै रमाइलो अनुभव बटुलेको छु ।' प्रियाशा चौधरीले भनिन्, ' पहिलो पटक भोट खसाल्दा हाम्रो जीवनमा केही राम्रै परिवर्तन आउला भन्ने अपेक्षा राखेकी छु । देश पनि थप विकास होला भन्ने सोचेर नै मैले भोट गरेकी हुँ ।' नेपालको कूल जनसंख्याको करिब ४६ प्रतिशत युवाहरू रहेको राष्ट्रिय जनगणनाले देखाउँछ । कूल जनसंख्याको करिब १९.७ प्रतिशत व्यक्तिहरू १५ देखि २४ वर्षको उमेरका रहेका पछिल्लो जनगणनाले देखाएको थियो ।

यस चुनावमा भाग लिन योग्य रहेका करिब १ करोड ९० लाख मतदाता मध्ये झन्डै १० लाख मतदाता पहिलो पटक भोट खसाल्ने समूहका रहेका थिए । भ्रष्टाचारकै कारण जेन- जीहरू सडकमा उत्रिएको भन्दै आउने सरकारले त्यसलाई रोक्नुपर्ने बताइन् । कौतूहल, डर र र माइलोमतदाता सूचीमा नाम दर्ता गराएका मध्ये फागुन २० गतेसम्म १८ वर्ष पुग्ने व्यक्तिहरूलाई प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरिएको निर्वाचन आयोगले जनाएको छ ।

त्यस्तै अनुभव गर्ने मध्ये धनुषाको मिथिला नगर पालिकाकी विनिता महतोले दोश्रो पटक मतदान गर्न पाउँदा निकै खुसी छिन् । उनले दुई वर्ष अघि भएको निर्वाचनपछि फेरि मतदान गर्न पाउँदा यसपटक परिवर्तनको आश बोकेर मतदान गरेको सुनाइन् । उनले भनिन्, 'विगतको निर्वाचन भएको दुई वर्ष वित्यो । फेरि निर्वाचन भयो । यसपटक आफ्नो अनुकूलमा परिवर्तनको पक्षमा मतदान गरेकी छु।' प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गएको मङ्सिर महिनामा जेन- जी प्रदर्शनकारीहरूसंग सम्झौता गरेको थियो ।

जसमध्ये जेन- जी आन्दोलनमा भएको मानवअधिकार उल्लंघन र हिंसाको छानबिन गरी दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाइएको छ। उक्त सम्झौतामा संविधान संशोधन सुझाव आयोग गठन गर्नेदेखि लिएर भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न विभिन्न सुधारहरू गर्ने वाचा गरिएको छ। त्यसमध्येकी एक २४ वर्षकी तनुजा पाण्डेले आजको दिनलाई आफूले एउटा 'भावनाले भरिएको क्षण' का रूपमा लिएको बताइन् । उनी झापा निर्वाचन क्षेत्र ५ की मतदाता हुन् ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका नेता बालेन्द्र शाह प्रतिस्पर्धामा छन् । पहिलोपटक निर्वाचनमा मतदान गरेका जेन- जी युवाहरुले सरकार र जेन-जीबीच भएको सम्झौतालाई नयाँ सरकारले कार्यान्वयन गर्ने आशंका समेत व्यक्त गरेका छन् ।

# देशभर करिब ६० प्रतिशत मतदान : निर्वाचन आयोग



**खबर दर्पण समाचारदाता**

**फागुन २१ गते, बर्दिवास**

निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनमा देशभर करिब ६० प्रतिशत मतदान प्रारम्भिक अनुमान गरेको छ ।

बिहीबार मतदान सम्पन्न भएपछि आयोगमा आयोजित पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कुल ६० प्रतिशत मतदान भएको आयोगको प्रारम्भिक अनुमान रहेको जानकारी दिनुभयो । उहाँले विस्तृत विवरण सङ्कलन जारी रहेको उल्लेख गर्दै छिटपुट घटनाबाहेक देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको बताउनुभयो ।

उहाले दुर्गम १५ जिल्लाका मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट सङ्कलन गरिने जानकारी दिनुभयो। कार्यबाहक प्रमुख भण्डारीले मतपेटिका सङ्कलन भएपछि मतगणना तत्काल सुरु गरिने गरि सवै स्थानमा तयारी भएको समेत बताउनुभयो । मताधिकारबाट प्रतिनिधि चुन्ने र शासन सत्ता सञ्चालनको प्रक्रियालाई पूर्णता दिने अभियानमा सहभागी भएको प्रति उहाले सवैप्रति आभार व्यक्त गर्नुभयो ।

उहाले कतिपय स्थलमा मतदाताले मतदानमा सहभागी हुन अस्वीकार गरेको सन्दर्भमा सरकार वा जनप्रतिनिधिले गरेका प्रतिबद्धता पूरा नहुँदा कतिपय स्थानमा मतदाताको असन्तुष्टि रहेपनि उक्त असन्तुष्टि आयोगप्रति नभएको जिकिर गर्नुभयो ।

आयोगले छिटो भन्दा छिटो निर्वाचन परिणाम गर्ने गरि आवश्यक तयारी गरेको जनाएको छ ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**मटिहानी नगरपालिका, महोत्तरी**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# २०४८ यता सबैभन्दा कम मतदान २०८२ मा


**खबर दर्पण समाचारदाता**

**फागुन २१ गते, बर्दिवास**

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन २०४८ देखि हालसम्म सबैभन्दा कम मतदान भएको देखिएको छ । निर्वाचनअघि परिवर्तन भनी नामले उत्साह देखिएकोमा निर्वाचनका दिन खासै उत्साह देखिएन । अहिलेसम्म भएको निर्वाचनमा ६० प्रतिशतभन्दा बढी नै मतदान भएको तथ्यांकले देखाउंछ । तर बिहीवार सम्पन्न निर्वाचनमा अनुमानित मात्र ६० प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ । बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको निर्वाचनमा अघिल्ला निर्वाचनको तुलनामा थोरै मत खसेको हो । भदौमा भएको जेनजी आन्दोलनका कारण प्रतिनिधिसभा विघटन भएपछि ताजा जनादेशका लागि यो निर्वाचन भएको थियो । आयोगका अनुसार पुरुषः ९६ लाख ६३ हजार ३५८ र महिलाः ९२ लाख ४० हजार १३१ गरी कुल मतदाता १ करोड ८९ लाख ३ हजार ६८९ जना मतदाता यस वर्ष रहेको छ । आयोगका अनुसार केही ठाउँमा सामान्य छिटफुट घटना बाहेक देशभर शान्तिपूर्ण मतदान भएको छ । गणतन्त्र स्थापनापछिको १८ वर्षमा दुईवटा संविधानसभा र दुईवटा संघीय प्रतिनिधिसभा निर्वाचन भइसकेको छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४८, २०५१ र २०५६ सालमा संसदीय निर्वाचन भएको थियो । ती निर्वाचनमध्ये सबैभन्दा बढी मत २०७० सालको संविधानसभा निर्वाचनमा खसेको आयोगको तथ्यांकले देखाएको छ । आम निर्वाचन, २०४८ मा १ करोड ११ लाख ९१ हजार ७७७ मतदातामा ७२ लाख ९१ हजार ८४ (६५.१५%), २०५१ मा १ करोड २३ लाख २७ हजार ३२९ रहेकोमा ७६ लाख २५ हजार ३४८ (६१.८६%) र २०५६ मा १ करोड ३५ लाख १८ हजार ८३९ मतदाता रहेकोमा ८८ हजार ९४ हजार ५६६ (६५.७९%) मतदान भएको थियो ।

**संविधानसभा निर्वाचन-२०६४**

पहिलो संविधानसभा निर्वाचनमा कुल मतदाता एक करोड ७६ लाख ११ हजार ८३२ रहेकोमा कुल एक करोड ८ लाख ६६ हजार १३१ मत खसेको थियो । त्यसमध्ये एक करोड ३ लाख ६ हजार १२० मत सदर भएको थियो । पाँच लाख ६० हजार ११ मत बदर भएको थियो । समग्रमा ६१.६९ प्रतिशत मत खसेको थियो । समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुल एक करोड ११ लाख ४६ हजार ५४० मत खसेको थियो । त्यसमध्ये एक करोड ७ लाख ३९ हजार ७८ (९६.३४ प्रतिशत) मत सदर भएको थियो । त्यतिबेला अस्थायी मतदाताको व्यवस्था थियो । सरकारी कार्यालय, स्थानीय निकाय, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थानमा कार्यरत कर्मचारी, सैनिक, प्रहरी ब्यारेकमा रहेका, माओवादी शिविरमा रहेका लडाकु, कारागारमा रहेका कैदी, बन्दी, निर्वाचन केन्द्रमा खटिएका कर्मचारीलाई अस्थायी मताधिकारको व्यवस्था मिलाइएको थियो । संविधानसभा सदस्य निर्वाचनका लागि ४ लाख १३ हजार ५४४ अस्थायी मतदाता थिए ।




**संविधानसभा निर्वाचन-२०७०**

दोस्रो संविधानसभा सदस्य निर्वाचनमा एक करोड २१ लाख ४७ कुल मतदता रहेका थिए । तीमध्ये प्रत्यक्षतर्फ ९० लाख ४४ हजार ९०८ अर्थात् ७४.४६ प्रतिशत मत खसेको थियो । समानुपातिकतर्फ ९४ लाख ६३ हजार ८६२ मत खसेको थियो ।

**प्रतिनिधिसभा निर्वाचन-२०७४**

नयाँ संविधान जारी भएपछि २०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ५४ लाख २८ हजार १६० रहेकोमा कुल सदर मत एक करोड पाँच लाख ८१ हजार ६८७ थियो । त्यतिबेला कुल बदर मत चार लाख ५० हजार ४८४ थियो । त्यस निर्वाचनमा कुल प्रतिशत मत ६८.५९ रहेको थियो । यसैगरी समानुपातिकतर्फ कुल सदर मत एक करोड पाँच लाख ५० हजार ५२० रहेकोमा बदर मत १५ लाख ३१ हजार २२३ थियो । कुल ६८.३८ प्रतिशत मत खसेको थियो ।

**प्रतिनिधिसभा निर्वाचन-२०७९**

अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ७९ लाख ८८ हजार ५७० थिए । जम्मा खसेको मत एक करोड ५६ लाख ६७ अर्थात् ५८.७ प्रतिशत मत खसेको थियो । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाअघि भएको तीनवटा संसदीय निर्वाचनमा ६५ प्रतिशतमाथि मत खसेको थियो । २०७० सालमा सबैभन्दा मत खसेको थियो ।

## बर्दिवासको प्रेमनगर मतदान..........

भएको थियो। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव का अनुसार साढे १० बजेदेखि स्थगित भएको मतदान दिउँसो १२:४० बजेदेखि पुनः सुरु गरिएको थियो । विवाद समाधानका लागि बर्दिवास नगरप्रमुख प्रह्लाद क्षेत्रीसहितको टोली घटनास्थल पुगेपछि सर्वदलीय सहमतिमा मतदान पुनः सञ्चालन गरिएको प्रशासनले जनाएको छ।

## धनुषामा ६३.५२ प्रतिशत...........

भएको छ। यहाँ १ लाख ३४ हजार ८२६ मतदातामध्ये ८४ हजार २६३ मत खसेको छ। तीमध्ये ४६ हजार ६२१ महिला र ३७ हजार ६४२ पुरुष मतदाता रहेका छन्।
निर्वाचन क्षेत्र नं. ३ मा ६३.०२ प्रतिशत मतदान भएको छ। यस क्षेत्रमा रहेका १ लाख २५ हजार ९२७ मतदातामध्ये ७९ हजार ३६१ मत खसेको छ। तीमध्ये ४० हजार ६९६ महिला, ३८ हजार ६६४ पुरुष र १ जना अन्य मतदाता रहेका छन्।
त्यसैगरी निर्वाचन क्षेत्र नं. ४ मा सबैभन्दा बढी ६५.०२ प्रतिशत मतदान भएको छ। यहाँ १ लाख २७ हजार ७७८ मतदातामध्ये ८३ हजार ८१ मत खसेको छ। तीमध्ये ४३ हजार २८७ महिला र ३९ हजार ७९४ पुरुष मतदाता रहेका छन्।
यसैबीच जिल्लामा सञ्चालन गरिएको अस्थायी मतदान केन्द्रमा पनि मतदान भएको र त्यहाँ १९० मत खसेको जनाइएको छ।
प्रजिअ लुइटेलको अनुसार जिल्ला सबै क्षेत्रको निर्वाचन कार्यालयको मतगणना स्थल सम्म मतदान केन्द्रहरुबाट मतपेटिका संकलन भइसकेको र ११ बजे राती सर्वदलिय बैठक बस्ने तयारी रहेको छ। उहाँले सर्वदलिय बैठक पछि मतगणना आजै राती देखि सुरु गर्ने तयारी रहेको बताउनुभयो ।

धर्मको धरोहर - जनकपुरधाम
इतिहासको पहिचान - जनकपुरधाम
आस्थाको केन्द्र - जनकपुरधाम
नगरका धार्मिक, पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्दै
जनकपुरधामलाई आकर्षक धार्मिक पर्यटकीय नगरी बनाऔं ।
सम्पदा जोगाऔं, पर्यटन बढाऔं, जनकपुरधाम उज्यालो बनाऔं ।
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

भूकम्पबाट जोगिन सचेत बनौं
❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।
औरही नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।
➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
मटिहानी नगरपालकि, महोत्तरी

खबर दर्पण
राष्ट्रिय दैनिक



ज.प्र.का.म.द.नं.४८/०७३/०७४

# निर्वाचन देशको निकासको प्रमुख विकल्प : प्रथम राष्ट्रपति डा. यादव

खबर दर्पण समाचारदाता

**फागुन २१ गते, बर्दिवास**



नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले देशको वर्तमान राजनीतिक अवस्थाबाट निकास पाउनका लागि निर्वाचन नै प्रमुख र प्रभावकारी विकल्प भएको बताउनुभएको छ।

प्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत मतदान गर्न धनुषाको निर्वाचन क्षेत्र नं. ४ स्थित आफ्नो पैतृक गाउँ सपही पुग्नुभएका डा. यादवले सो धारणा व्यक्त गर्नुभएको हो। उहाँले सपहीस्थित वी.पी. माध्यमिक विद्यालयमा स्थापना गरिएको मतदान केन्द्रमा पुगेर आफ्नो मताधिकार प्रयोग गर्नुभएको थियो।

डा. यादवले गत भदौ २३ र २४ गते युवा पुस्ताले गरेको आन्दोलनपछि देशमा देखिएको राजनीतिक परिस्थितिलाई समाधान गर्ने प्रभावकारी माध्यमका रूपमा अहिलेको मध्यावधि निर्वाचन रहेको उल्लेख गर्नुभयो।

उहाँले लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउन सक्षम, इमानदार र जनताप्रति उत्तरदायी जनप्रतिनिधि चयन गर्नु अत्यन्त आवश्यक रहेको बताउँदै मतदाताले सोचविचार गरेर आफ्नो मत प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।

पूर्व राष्ट्रपति यादवले हाल भइ रहेको निर्वाचनले देशमा देखिएको राजनीतिक अन्योल अन्त्य गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आम मतदाताको उत्साहजनक सहभागिताप्रति खुशी व्यक्त गर्नुभयो।

ज्येष्ठ नागरिकसमेत रहनुभएका उहाँले देशभर शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न हुने अपेक्षा व्यक्त गर्नुभयो। साथै वर्तमान संविधानले प्रदान गरेका उपलब्धिको संरक्षण गर्दै थप उपलब्धि हासिल गर्न पनि यो निर्वाचन महत्वपूर्ण हुने विश्वास उहाँले व्यक्त गर्नुभयो। डा. यादवले सबै मतदातालाई जिम्मेवार ढङ्गले आफ्नो मताधिकार प्रयोग गरी योग्य र असल जनप्रतिनिधि चयन गर्न अपिल गर्नुभएको छ।

# इंग्ल्यान्डलाई हराउँदै भारत टी-२० विश्वकप क्रिकेटको फाइनलमा



खबर दर्पण समाचारदाता

**फागुन २१ गते, बर्दिवास**

इंग्ल्यान्डलाई पराजित गर्दै भारत आईसीसी टी-२० विश्वकप क्रिकेट २०२६ को फाइनलमा प्रवेश गरेको छ । भारतले इंग्ल्यान्डलाई ७ रनले पराजित गर्दै लगातार दोस्रोपटक फाइनलमा पुगेको हो ।

भारतले दिएको २ सय ५४ रनको ठूलो लक्ष्य पछ्याएको इंग्ल्यान्डले २० ओभरमा ७ विकेट गुमाएर २ सय ४६ रन मात्र बनाउन सक्यो । अन्तिम १८ बलमा ४५ रन आवश्यक छँदा १७औं ओभरमा जसप्रित बुमराहले ६ रन मात्र दिए ।

इंग्ल्यान्डका याकूब बेथेलले १ सय ५ रनको शतकीय पारी खेले पनि टोलीलाई जिताउन सकेनन् । त्यसअघि भारतको मुम्बईमा टस हारेर ब्याटिङ गरेको भारतले २० ओभरमा ७ विकेट गुमाएर २ सय ५३ रन बनाएको थियो ।

भारतका सन्जु सामसनले ८९ रन बनाए । अब उपाधिका लागि भारतले न्युजिल्यान्डसँग खेल्नेछ । १०औं संस्करणको टी-२० विश्वकपको फाइनल खेल आउँदो आइतवार हुनेछ ।-एजेन्सी

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।**
**सभ्य नागरीकको परिचय दिऔं**

**कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।**

**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**

**साथै होम डेलिभरीको सूविधा छ।**




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,